कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
शैक्षिक विकास महाशाखा

## सीप परीक्षण मूल्यांकनकर्ता तालिम (Skill Test Assessor Training) सम्वन्धी आवेदन माग सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/०८

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, नेपाल ब्यबसायिक योग्यता प्रणाली परियोजना दोश्रो (NVQS-II) को आर्थिक सहयोग र प्रविधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद, कर्णाली प्रदेश कार्यालय/ राष्ट्रिय सीप परीक्षण समिति (NSTB) तथा प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) को सहकार्यमा, कर्णाली प्रदेश, बिरेन्द्रनगर सुर्खेतमा संचालन हुने ५ दिने सीप परीक्षण मूल्यांकनकर्ता तालिम (Skill Test Assessor Training) मा सहभागी हुन इच्छुक प्राविधिक तथा व्यावसायिक विषयका तपशिलमा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुले मिति २०८०/०८/२२ गते भित्र, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको इमेल mosdsurkhet@gmail.com वा स्वयं उपस्थित भई आवेदन फाराम सहित आवश्यक कागजपत्रहरु पेश गर्न नेपाल ब्यबसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, सामाजिक बिकास मन्त्रालय कर्णाली प्रदेशमा स्वयम् उपस्थित भई आबेदन पेश गर्नहुन अनुरोध गरिन्छ । आबेदन फारम www.ctevtkarnali.org.np वा www.mosd.karnali.gov.np बाट डाउनलोड गरि वा नेपाल ब्यबसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, सामाजिक बिकास मन्त्रालय कर्णाली प्रदेशबाट हार्ड कपि प्राप्त गरी आवेदन दिन सकिनेछ ।

### सहभागी छनौटका लागि शर्त तथा मापदण्डहरु

१. निबेदन पेश गर्न सकिने विषयहरु

| क्र.स. | पेशा | क्र.स. | पेशा |
|---|---|---|---|
| १ | मोबाइलफोन रिपेयर टेक्निसियन (Mobile Phone Repair Technician), Level 2 | ७ | कम्प्युटर हार्डवेयर/नेटवर्क टेक्निसियन (Computer HW and Network Technician) Level 2 |
| २ | बिल्डिंग पेन्टर (Building Painter), Level 2 | ८ | वेल्डर (Welder), Level 2 |
| ३ | प्लम्बर (Plumber), Level 2 | ९ | गार्मेन्ट फेब्रिकेटर (Garment Fabricator), Level 1 |
| ४ | टाईल/मार्बल फिक्सर (Tile Marble Fixer), Level-1 | १० | ब्युटिसियन (Beautician), Level 2 |
| ५ | कन्स्ट्रक्सन मेसन (Construction Mason), Level 2 | ११ | टेलारिंग (Tailoring), Level 2 |
| ६ | रेफ्रिजिरेटर तथा ए.सी. मेकानिक (Refrigerator and AC Mechanic), Level 2 | १२ | मोटरसाइकल मेकानिक (Motorcycle Mechanic), Level 2 |

२. तालिममा सहभागी हुनका लागि आवश्यक योग्यता

क. कम्तिमा एस.इ.इ./एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यवसायमा राष्ट्रिय सीप परीक्षण समितिको कम्तिमा तह २ उत्तीर्ण गरेको वा,

उल्लेखित पेशा/व्यवसायसंग सम्बन्धित विषयमा कम्तिमा प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यवसायमा कम्तिमा ३ वर्षको कार्यानुभव भएको वा,

औपचारीक अध्ययन-अध्यापन नहुने र राष्ट्रिय सीप परीक्षण समितिको तह २ नभएको व्यवसायको हकमा एस.एल.सी./एस.इ.इ. उत्तीर्ण भई राष्ट्रिय सीप परीक्षण समितिको तह १ उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यवसायमा कम्तिमा ३ वर्ष कार्यअनुभव भएको

ख. कर्णाली प्रदेशमा स्थायी ठेगाना भएको वा कर्णाली प्रदेशमा रही सम्बन्धित पेशामा संलग्न भई सीप मूल्यांकनकर्ताको रुपमा कार्य गर्न इच्छुक व्यक्ति

ग. आवश्यकता अनुसार सीप मूल्यांकनको समयमा सीप परीक्षण मूल्यांकनकर्ताको रुपमा उपलब्ध हुन सक्ने व्यक्ति

३. छनौटका आधारहरु

पेशा/व्यवसायसंग सम्बन्धित योग्यता, आवेदकको सामाजिक समूह (महिला, दलित, जनजाती, अल्पसंख्यक), सीप परीक्षण केन्द्र रहेको जिल्ला भित्रको स्थायी बसोबास, सम्बन्धित पेशामा संग्लाग्नाता र कार्यअनुभव । छनौटका लागि सम्बन्धित पेशा/व्यबसायको माथिल्लो तहको प्रमाणपत्रलाइ प्राथमिकता दिइनेछ ।

४. आवेदन फारमका साथ् पेश गर्नुपर्ने कागजातहरु

नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, सीप परीक्षणका प्रमाणपत्रहरु, सम्बन्धित पेशा/व्यवसायमा भएका कार्यअनुभवको कागजातहरु, लक्षित वर्ग जनाउने सिफारिसपत्र र बसाई सराई वा विबाह गरी आएको भए सो सम्बन्धित कागजातहरु

५. तालिम अवधि र समय

सीप परीक्षण मूल्यांकनकर्ता (Assessor) तालिमको अवधि ५ दिनको हुनेछ र समय बिहान ८:०० बजे देखि बेलुकी ४:४५ सम्म हुनेछ, तालिम अवधिभर पुरा समय सहभागी हुनुपर्नेछ र तालिम समाप्त पश्चात प्रमाणपत्र तथा सीप मूल्यांकनकर्ता परिचयपत्र प्रदान गरिनेछ ।

६. तालिमका लागि छनौट भएका आवेदकहरुलाई टेलीफोन वा SMS मार्फत जानकारी गराइने छ , कुनै कारणले सम्पर्कहुन नसकेमा आबेदक स्वयम् जिम्मेवार हुनुपर्ने छ ।

७. शर्त सहित कागजात अपुग रहेको र पूर्ण रुपमा नभरिएको आवेदन स्वीकार गरिने छैन ।

८. तालिम सम्पन्न भएपछी नियमानुसार तालिम अवधिको निर्वाहभत्ता उपलव्ध गराइनेछ ।

कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
शैक्षिक विकास महाशाखा

---

९. छनोट भएका सहभागीहरुले तालिममा आउदा पहिलो दिन नै उल्लेखित सक्कल कागजातहरु ल्याउनुपर्ने छ ।

............
जवाहरलाल हमाल
(उप-सचिव)

नोट :

१. माथि उल्लेखित पेशा व्यवसाय क्षेत्र (Sector) संग सम्बन्धित आवेदकले पनि आबेदन दिन सकिने छ । साथै प्रमाणित सिप परिक्षणकेन्द्र तथा सम्बन्धित पेशाका संघ/महासंघहरुबाट सिफारिस भै आयकाहरुलाइ तालिमको लागि प्राथमिकता दिइनेछ ।

२. थप जानकारीका लागि सामाजिक विकास मन्त्रालय, नेपाल व्यबसायिक योग्यता प्रणाली परियोजना (NVQS-II), प्रदेश परियोजना सहयोग सहयोग इकाईको फोन न. ०८३-५९०९८९ मा सम्पर्क गर्नुहोला वा सम्पर्क व्यक्तिहरु; जनक सुवर्णकार-९८४८५५२२५५ र प्रेम सागर चौधरी-९८४८४९३३२६ लाइ पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

पुनाश्चः इमेलमा आवेदन पठाईसकेपछी सुनुस्चितता गर्नहुन अनुरोध छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## राष्ट्रिय सीप परीक्षण समिति

सीप परीक्षण मुल्यांकनकर्ता (Skill Test Assessor) तालिमको लागि दरखास्त फाराम

श्रीमान् निर्देशक ज्यु,

राष्ट्रिय सीप परिक्षण समितिबाट संचालन गरिने सीप परीक्षण मुल्यांकनकर्ता (Skill Test Assessor) तालिममा सम्मिलित हुन इच्छुक भएकोले मैले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम/अनुभव तथा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु थान .......... यसै साथ संलग्न राखि निम्न विवरण सहित यो निबेदन पेश गरेको छु।

१. निवेदकको पुरा नाम थर :

२. जन्म मिति :

३. स्थाई ठेगाना :

४. पत्राचार गर्ने ठेगाना :

५. सम्पर्क टेलीफोन नम्बरहरु : (क) ख) मोबाइल नं :

६. इमेल :

७. सीप परिक्षण उत्तिर्ण भएको व्यवसायको नाम : तह: उत्तिर्ण मिति :

८. तालिममा सहभागी हुन चाहेको जिल्ला :

९. मिति :

१०. शैक्षिक योग्यता

| क्र.स. | उपाधि | अध्ययन गरेको संस्थाको नाम र ठेगाना | उत्तिर्ण वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

११. तालिम:

| क्र.स. | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिमको नाम | तालिमको अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

१२. कार्य अनुभवको विवरण

| क्र.स. | कार्यरत संस्थाको नाम र ठेगाना | पद | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

उल्लेखित सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहुँला बुझाउंला।

निवेदकको दस्तखत :

मिति :

नोट: दरखास्त फाराम साथ उल्लेखित विवरणहरुको प्रतिलिपि पेश नभएमा छनौट प्रक्रियामा संलग्न गरिने छैन।

**कार्यालको तर्फबाट**

यस दरखास्त फाराम साथ निवेदकले तल उल्लेखित प्रमाणित प्रतिलिपिहरु बुझाएको प्रमाणित गर्दछु ।

क) शैक्षिक योग्यता/ सीप परीक्षण उत्तिर्ण प्रमाणपत्र थान –

ख) तालिमको प्रमाण पत्र थान –

ग) अनुभवको प्रमाण पत्र थान –

घ) नागरिकताको प्रमाण पत्र प्रतिलिपि –

ङ) प्रमाणित गर्ने अधिकारी/कर्मचारी

नाम:

पद:

दस्तखत :

मिति:

निवेदक श्री/सुश्री/श्रीमती ............................................................राष्ट्रिय सीप परीक्षण समितिबाट संचालन हुने सीप परिक्षण मुल्यांकनकर्ता तालिममा सहभागी हुन दिएको आवेदन फाराम स्वीकृत गरिएको छ ।

स्वीकृत प्रदान गर्नेको नाम:

पद:

दस्तखत:

मिति :